19 June 2024

National News

मुख्य समाचार

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीले बिहारको राजगीरमा नालन्दा विश्वविद्यालयको नवनिर्मित क्याम्पसको गर्नुभयो उद्घाटन
- श्री मोदी भोलिदेखि जम्मू कश्मीरको दुई दिने भ्रमणमा
- दिल्लीका मुख्यमन्त्री श्री केजरीवालको न्यायिक हिरासत 3 जुलाईसम्म बढ्यो
- पानीको संकटसित जुझ्दै राजधानी दिल्ली
- टी 20 क्रिकेट विश्वकपमा आज अमेरिका र दक्षिण अफ्रिकामाझ भिडन्त हुँदै
- महिला क्रिकेटमा भारतले दक्षिण अफ्रिकालाई दियो 326 रनको लक्ष्य

पीएम नालन्दा

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सन् २०४७ सम्ममा भारतलाई विकसित बनाउन ज्ञानले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनु भएको छ।

आज बिहारको राजगीरमा नालन्दा विश्वविद्यालयको नवनिर्मित क्याम्पसको उद्घाटन गरेपछि सुष्मा स्वराज सभागृहमा विद्यार्थी र प्राध्यापकहरूलाई सम्बोधन गर्दै श्री मोदीले भारतले आफ्नो शिक्षा र ज्ञान प्रणालीलाई बलियो बनाएर महाशक्तिको प्रतिष्ठा प्राप्त गर्न सक्ने बताउनु भयो। उहाँले नालन्दा विश्वविद्यालय विश्वसामु हाम्रो पहिचान र परम्पराको उत्कृष्ट उदाहरण रहेको बताउनु भयो ।

उहाँले नालन्दा विश्वविद्यालयको नयाँ रूप उदीयमान भारतको सम्भावना र शक्तिको प्रतीक भएको बताउनु भयो। श्री मोदीले उहाँको सरकारले पुरानो परम्परा र लोकाचारमाथि काम गरिरहेको बताउनु भयो अनि त्यसैकारण विकास र वातावरण संरक्षणलाई सँगै प्रोत्साहित गरिँदैछ भन्नुभयो। यसै सन्दर्भमा अन्तर्राष्ट्रिय सौर्य गठबन्धनलाई पनि सुदृढ गर्दै लैजाने प्रधानमन्त्रीले बताउनु भयो । श्री मोदीले उहाँको सरकारले भारतलाई शिक्षा क्षेत्रमा नयाँ चिन्हारी दिएर एउटा प्रमुख ज्ञान केन्द्रको रूपमा पुनर्स्थापित गर्ने प्रयास गरिरहेको बताउनु भयो।

यसअघि, प्रधानमन्त्रीले विश्व सम्पदाको दर्जा पाएको प्राचीन नालन्दा विश्वविद्यालयको अवशेषहरूको पनि भ्रमण गर्नुभयो ।

प्रधानमन्त्री - जम्मू कश्मीर भ्रमण

प्रधानमन्त्री श्री नरेन्द्र मोदी भोलिदेखि जम्मु कश्मीरको दुई दिने भ्रमणमा रहनु हुनेछ । श्री मोदीले त्यहाँ 1 हजार 500 करोड रुपियाँ भन्दा धेरैका 84 वटा ठूला विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ।

प्रधानमन्त्री भोलि श्रीनगरमा "युवा सशक्तिकरण, जम्मू कश्मीर परिवर्तन" कार्यक्रममा सहभागी हुनुहुनेछ। श्री मोदीले २ हजारभन्दा बढी नयाँ कर्मचारीहरूलाई नियुक्ति पत्र पनि वितरण गर्नु हुनेछ। उहाँले कृषि र सम्बद्ध क्षेत्रहरूमा प्रतिस्पर्धात्मक सुधारको 1 हजार 800 करोड रुपियाँको परियोजनाको पनि थालनी गर्नुहुनेछ।

21 जुनको दिन, प्रधानमन्त्री श्री मोदीले श्रीनगरमा दशौं अन्तर्राष्ट्रिय योग दिवस समारोहको नेतृत्व गर्दै योग सत्रमा भाग लिनु हुनेछ अनि उपस्थित जनसमुहलाई सम्बोधन गर्नुहुनेछ।

केजरीवाल हिरासत

दिल्लीको एउटा अदालतले दिल्ली आबकारी नीतिसँग सम्बन्धित मनी लान्ड्रिंग मुद्दामा दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवाल र अन्य आरोपी श्री विनोद चौहानको न्यायिक हिरासत 3 जुलाईसम्म बढाएको छ। न्यायिक हिरासतको म्याद सकिएपछि उहाँहरु दुवैलाई आज तिहाड जेलबाट भिडियो कन्फ्रेन्समार्फत अदालतमा हाजिर गराइएको थियो।

श्री केजरीवाललाई ३१ मार्चको दिन प्रवर्तन निर्देशनालयले पक्राउ गरेको थियो। प्रवर्तन निदेशालयको मुद्दामा श्री मनिष शिशोदिया सहित ३८ जना आरोपी रहेका छन्।

निर्मला-पूर्व बजेट

वित्त मन्त्री श्रीमती निर्मला सीतारमणले केन्द्रीय आम बजेट अघि आज नयाँ दिल्लीमा प्रमुख अर्थशास्त्रीहरूसँग पूर्व-बजेट परामर्शको पहिलो चरणको अध्यक्षता गर्नुभयो। बैठकमा केन्द्रीय वित्त राज्यमन्त्री श्री पंकज चौधरी, वित्त सचिव, आर्थिक मामिला, राजस्व, वित्तीय सेवा र कर्पोरेट मामिला विभागका सचिवहरू र मुख्य आर्थिक सल्लाहकारको पनि उपस्थिति थियो।

गर्मी स्ट्रोक - मृत्यु

देशका धेरैजसो भागहरू अत्याधिक गर्मीको चपेटमा छन्। केन्द्रीय स्वास्थ्य मन्त्री श्री जेपी नड्डाले आज गर्मीको अवस्था र केन्द्रीय सरकारी अस्पतालहरूको तयारीको समीक्षा गर्दै चरम गर्मीबाट प्रभावित बिरामीहरूको उपचारका लागि यी अस्पतालहरूमा विशेष इकाईहरू खोल्न निर्देश दिनुभएको छ। सबै अस्पतालहरूलाई प्रभावितहरूलाई उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गर्ने सुनिश्चित गर्न अधिकारीहरूलाई उहाँले निर्देशन दिनु भयो। यसैबीच, राष्ट्रिय राजधानीको राम मनोहर लोहिया अस्पतालले पछिल्लो तीन हप्तामा अत्यधिक गर्मी सम्बन्धी रोगका कारण नौ

जनाको मृत्यु भएको पुष्टि गरेको छ।  सफ्फरजन्द अस्पतालमा पनि नौ जना रोगीको मृत्यु भएको छ। यी  दुवै अस्पतालमा धेरै बिरामी भर्ना छन् । दिल्लीका अन्य अस्पतालहरूमा पनि गर्मीका बिरामी बढिरहेका छन्।

<u>अरुणाचल प्रदेश वर्षा</u>

अरुणाचल प्रदेशमा विगत केही दिनदेखि लगातार पानी परिरहेको छ।  मौसम विभागले पूर्वी कामेङ, पपुम परे र तल्लो दिवाङ भेल्लीका जिल्लामा रेड अलर्ट, नौ जिल्लामा ओरेन्ज अलर्ट र बाँकी जिल्लामा यल्लो अलर्ट जारी गरेको छ । कर्सिङ्सा क्षेत्रमा आएको बाढीले राष्ट्रिय राजमार्ग -415 को केही भाग बगाएको छ, जसले गर्दा राजमार्गको निर्जुली-बन्दरदेवा खण्डमा यातायात पूर्ण रूपमा ठप्प भएको छ।

<u>असम बाढी</u>

अर्कोतिर, असममा लगातार वर्षाका कारण धेरै जिल्लामा जनजीवन प्रभावित भएको छ । बाढीबाट १५ जिल्लाका लाखौं मानिस प्रभावित भएका छन् । करिमगञ्ज जिल्लामा गएराति पहिरोमा परी पाँच जनाको मृत्यु भएको छ ।

करिमगञ्ज जिल्लाका सबै विद्यालय आज र भोलि बन्द गरिएका छन् । गुवाहाटी सहरका धेरै ठाउँमा पानी जमेको छ । बाढी प्रभावित धेरै जिल्लामा सडक सञ्चार अवरुद्ध हुन पुगेको छ ।

<u>सिक्किम बाढी</u>

यसैबीच, सिक्किमको भलपहिरो प्रभावित क्षेत्रमा राहत र उद्धार कार्य र आधारभूत सेवाहरूको पुनर्स्थापना गर्ने कार्य तीव्र गतिमा भइरहेको छ। मङ्गन जिल्लाका लाचुङ र चुङ्थाङ प्रभावित क्षेत्रमा अलपत्र परेका लगभग एक हजार चार सय पर्यटकलाई सुरक्षित स्थानमा सारिएको छ । मङ्गनका जिल्ला अधिकारी श्री हेमकुमार क्षेत्रीले आकाशवाणी समाचारलाई दिएको जानकारी अनुसार पर्यटकलाई निकाल्ने काम लगभग पूरा भएको छ।

<u>दिल्ली जल संकट</u>

दिल्लीमा पानीको संकट जारी छ। राजधानीमा ट्याङ्करद्वारा गरिने पानी वितरण केन्द्रमा मानिसहरूको लामो लाइन लागेको छ । धेरै जसो स्थानमा मानिसहरू अझै पनि पानीको अभाव संग संघर्ष गर्दै छन्। जसका कारण दिल्लीका धेरै ठाउँमा विरोध प्रदर्शन र राजनीतिक द्वन्द्व देखिएको छ ।

नयाँ दिल्ली नगरपालिका परिषद् क्षेत्र पनि पानीको अभावबाट प्रभावित छ। परिषद्का उपाध्यक्ष श्री सतीश उपाध्यायले सञ्चारकर्मीसँग कुरा गर्दै दिल्ली सरकारले ट्यांकर र टेन्डरले

माफियालाई संरक्षण गरेको र भ्रष्टाचार गरेको आरोप लगाउनु भएको छ। यसैबीच, दिल्ली सरकारले हरियाणाको भाजपा सरकारले राजनीतिक षड्यन्त्रको रूपमा दिल्लीको पानी आपूर्ति बन्द गरिरहेको आरोप लगाएको छ । दिल्लीकी जलमन्त्री सुश्री आतिशीले मिडियालाई सम्बोधन गर्दै यस विषयमा प्रधानमन्त्रीलाई पत्र लेखेर तत्काल हस्तक्षेप गर्न आग्रह गरेको बताउनु भयो।

## टी 20 विश्वकप

आइसीसी टी 20 क्रिकेट विश्वकपमा अहिले 8 बजी सुपर 8 चरण अन्तर्गत संयुक्त राज्य अमेरिका र दक्षिण अफ्रिकामाझ भिडन्त हुँदैछ। सुपर 8 चरणका खेलहरू आजदेखि शुरु भएका हुन्। भोलि बिहान 6 बजी इंग्लाण्ड र वेस्ट इन्डिजको म्याच हुने छ भने भोलि बेलुकी आठ बजी भारतसित अफगानिस्तान भिड्नेछ।

## महिला क्रिकेट

महिला क्रिकेटमा भारत अनि दक्षिण अफ्रीकामाझ तीन एकदिवसीय म्याचको सीरीजको दोस्रो म्याच बेंगलुरुको के एम. चिन्नास्वामी स्टेडियममा भइरहेको छ। भारतले पहिला ब्याटिङ गर्दै दक्षिण अफ्रिकालाई 326 रनको लक्ष्य दिएको छ।

भारतले निर्धारित 50 ओवरमा 3 विकेट खर्च गरेर 325 रन संग्रह गऱ्यो, जसमा स्मृति मन्धानाको 136 रन अनि कप्तान हरमनप्रित कौरको 103 रन सामेल छन्। ताजा समाचार अनुसार लक्ष्यलाई पछ्याउँदै दक्षिण अफ्रिकाले 25 ओवरमा 3 विकेट खर्च गरेर 122 रन बनाएर खेलिरहेको छ। स्मरण रहोस् तीन म्याचको सिरिजमा भारत 1-0 ले अघि रहेको छ।